आज मिति २०७९ आश्विन ७ गते शुक्रवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०७९/८० को तेश्रो बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

२३ अनुप कुमार राई

१. आ.व.२०७९/८० को नगर कार्यपालिकाको दोश्रो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा वृहत्त छलफल तथा समिक्षा गरियो ।

२. गौरा श्रृङ्खला जे/भीसंग नगरपालिका कार्यालयको प्रशासकीय भवन निर्माण (ठेक्का नं. 06/NCB/TM/W/2076-77) को भेरिएसन आदेश सम्वन्धमा प्राविधिकले पेश गरेको प्रतिवेदन उपर छलफल गर्दा पेश भए अनुसारको आईटम भेरिएसन आदेश वापतको रु.४६३०६७६/८६( भ्याट सहित) को रकममा सम्झौता हुदाँको घटी दरमानै र क्वान्टिटी भेरिएसन आदेश वापतको रु ७४४११६३/८६ ( भ्याट सहित) सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम हुनेगरी कूल जम्मा रु.१२०७१८४०/७२ (भ्याट सहित) ( अक्षेरुपीः-एकरोड वीस लाख एकहत्तर हजार आठ सय चालिस रुपैयाँ पैसा वहत्तर मात्र) को भेरिएसन आदेश स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडि वढाउन नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

३. पन्चस्तम्भ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.संग ११ नं. वडा अन्तर्गत रहेको गोरखकाली मन्दिर निर्माणको लागि यस कार्यालयसंग सम्झौता भएको ( ठेक्का नं. 36/NCB/TM/W/2078-79 को सम्वन्धमा निर्माण कार्य सम्पन्न् गर्नका लागि अनिवार्य आवश्यकता भएको तर ठेक्का सम्झौता हुदाँको बखत छुट हुन गएको कार्भिङको कामको प्राविधिकले पेश गरे अनुसारको थप आईटमहरुको आईटम भेरिएसन आदेश गर्नु पर्ने रु.१८१०१३६.५५ (भ्याट सहित) सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम हुनेगरी स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडि वढाउन नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

४. औषधि उपचार सहायता माग गरेका आर्थिक अवस्था कमजोर भएका तपशिल वमोजिमका व्यक्तिहरुलाई चिकित्सकको प्रेस्किप्सन र वील भर्पाई वमोजिम हुने गरी औषधि उपचार खर्च शिर्षकवाट तपशिल वमोजिमको रकम उपलव्ध गराउने ।

क. वडा नं. ११ वस्ने श्री सुनिता श्रेष्ठलाई रु ७५०००/-

ख. वडा नं. ४ वस्ने निर्मल पुलामीलाई रु. ७५०००/-

५. यस टोखा नगरपालिकाको स्वीकृत संगठन संरचना अनुसार आधारभूत स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा रहने स्वास्थ्यकर्मी तर्फको कूल दरवन्दी ३४ र कार्यालय सहयोगी तर्फ १० जना दरवन्दी रहेकोमा साविकको टोखा चण्डेश्वरी प्रा.स्वा.के.वागमती प्रदेश सरकार अन्तर्गत टोखा प्रादेशिक अस्पतालमा रुपान्तरण भएपनि प्रदेश सरकारले उक्त अस्पतालमा आफ्नो कर्मचारी व्यवस्थापन नगरेकोले यस नगरपालिका अन्तर्गतकै कर्मचारीहरु कार्यरत रहीआएकोमा हाल उक्त अस्पतालमा वागमती प्रदेश सरकारवाट कर्मचारी व्यवस्थापन गर्ने कार्य शुरु भएकोले तहाँ कार्यरत यस नगरपालिकामा समायोजन भई आएका स्थायी कर्मचारीहरुलाई यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थामा रहेको दरवन्दीमा पदस्थान गर्नुपर्दा नगरपालिकावाट नियुक्त भई हाल टोखा प्रादेशिक अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा करारमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई मिति २०७९/०४/०१ देखि मिति २०७९/०६/१४ सम्म काम गरेको अवधिको करार सेवा शुल्क शिर्षकवाट मासिक ज्यालादारीमा पारिश्रमिक प्रदान गरी हाल सम्म यस टोखा नगरपालिका भित्रका नागरिकलाई स्वास्थ्य

सेवा प्रदान गरेकोमा धन्यवाद दिदै मिति २०७९/०६/१५ गतेवाट म्याद थप गरी सेवा निरन्तरता नहुने विषय सम्वन्धित कर्मचारीहरुलाई जानकारी गराउने । नगरपालिकामा समायोजन भई हाल टोखा प्रादेशिक अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी कर्मचारीहरुलाई नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा कामकाजको लागि खटाउने । कार्यालय सहयोगीहरुको हकमा वडा कार्यालय, स्वास्थ्य संस्था र नगरपालिका कार्यालयमा समेत दैनिक कामकाजको लागि हाल कार्यरत कार्यालय सहयोगी अपुग रहेकोले प्रादेशिक अस्पतालमा कार्यरत नगरपालिकावाट करारमा नियुक्त ५ जना कार्यालय सहयोगीहरुलाई मिति २०७९/०४/०१ देखि कामकाज गर्दै आएकाहरुलाई आगामी नगर सभासम्म निरन्तरता दिने।

६. टोखा नगरपालिका वडा नं. ११ र ८ जोड्ने वानियाँटार मूल सडकको पक्की पुल निर्माणको लागि तयार भएको रु ५८७६०११६.८९ (अक्षेरुपी:- पाँच करोड सतासी लाख साठी हजार एक सय सोह्र रुपैयाँ पैसा उनानब्वे मात्र ) को लागत अनुमान स्वीकृत गरी सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम कार्यान्वयन प्रकृया अगाडि वढाउन नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने।

७. विभिन्न वडावाट सिफारिस भई नगरप्रमुखवाट पहिचान भएका अत्यावश्यकिय तपशिल वमोजिमका आयोजना तथा कार्यक्रमहरुको नगरसभाको एघारौं अधिवेशनवाट विभिन्न शिर्षकहरुमा विनियोजित रकमवाट खर्च लेख्ने गरी कार्यान्वयन प्रकृया अगाडि वढाउने ।

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | झोरमहाँकाल स्वास्थ्य चौकीमा विरामीहरु, गर्भवती महिला तथा स्तनपान गराउने आमाहरु, खोपलगाउने वालवालिकाहरुलाई वस्न विश्रामस्थल, प्रतिक्षालय निर्माण | १ | १३००००० | नगर पुर्वाधार विकास विशेष कार्यक्रम |
| २ | प्रगतिनगर क्षेत्रमा डुवान निकास व्यवस्थापन कार्य | १० | ४२५००० | विपद व्यवस्थापन कोष |
| ३ | टोखा वाईपास रोडमा सडक ग्राभेल | २ | ४८०००० | विविध मर्मत सम्भार भैपरी |
| ४ | सामाखुशी टोखा सडकको तल्लो खण्डको भत्किएको स्थानहरमा वेस राखी सवारी यातायात सहज वनाउने | ७,१०-११ | ७७२००० | विविध मर्मत सम्भार भैपरी |
| ५ | ११ नं. वडामा रहेको नव निर्मित शहरी स्वास्थ्य केन्द्रको भवनको झ्यालमा ग्रील राख्ने | ११ | १५८५०० | नगर पुर्वाधार विकास विशेष कार्यक्रम |
| ६ | ११ नं. वडा स्थित मनोहर तिर्थधाम तथा आसपासको मूख्य सडकहरुमा सडकवत्ती जडान तथा मर्मत | ११ | २५८५०० | सि.नं. २३३ को उर्जा |
| ७ | विष्णुमति करिडोर( वसपार्क अगाडि देखि मनोहर तिर्थ सम्म) अत्यन्त जिर्ण भएकोले सो सडकमा यातायात सहज वनाउन सडक ग्रेडिङग गरि ग्राभेल /वेस राखी रोलर गर्ने कार्य | ९ | १००००० | विविध मर्मत सम्भार भैपरी |
| ८ | वडा नं. ७ का विभिन्न सडकहरुमा सडक वत्ती जडान | ७ | २३४००० | सि.नं. २३३ को |

| | | | | उर्जा |
|---|---|---|---|---|
| ९ | गोगंवुं मूल सडक गणेशस्थान देखि वानियाँटार सम्मको सडक वर्षाका कारण अत्यन्त जिर्ण भएकोले सो सडकमा यातायात सहज वनाउन सडकमा ग्राभेल वेस हाल्ने कार्य | ९-११ | ३५०००० | नगर पुर्वाधार विकास विशेष कार्यक्रम |
| १० | आहार, विहार, आयूर्बेदिक उपचार पद्धती,रोग बिशेष योगाभ्यास र मानसिक शान्तिको लागि ध्यान सम्वन्धी कार्यक्रम ( पतन्जली योग समिति नेपाल) | | १५०००० | संस्कृति संरक्षण तथा प्रवर्धन कोष |
| ११ | टोखा संस्कृति संरक्षण क्षेत्रको मौलिक परम्परागत सम्पूर्ण जात्रा पर्व संचालन व्यवस्थापनतथा वाजा खलः,गुथीहरुलाई वाजा मर्मत र तलेजु, गणेश, कुमारीको नित्य पुजा कर्म संचालन तथा व्यवस्थापन खर्च रकम | २-३ | १८००००० | संस्कृति संरक्षण तथा प्रवर्धन कोष |
| १२ | धापासी रथ जात्रा व्यवस्थापनको लागि | ४-७ | ५००००० | संस्कृति संरक्षण तथा प्रवर्धन कोष |
| १३ | विश्व कप क्यारम खेलको लागि अल नेपाल क्यारम एशोसिएसनलाई सहयोग | | १५०००० | खेलकूद विकास कोष |
| १४ | तारकेश्वर लोक खैचडी भजन मण्डलीलाई वाद्यवादन सामाग्री खरिद | | २००००० | संस्कृति संरक्षण तथा प्रवर्धन कोष |
| १५ | जनकल्याणचोक ईलाकामा सडक ग्राभेल तथा वेस | ४ | ५००००० | विविध मर्मत सम्भार भैपरी |
| १६ | किताव चरो नेपाललाई वालदिवस विशेष कार्यक्रम | | ९५००० | संस्कृति संरक्षण तथा प्रवर्धन कोष |

८. नेपाली झण्डाको चिनारी र नेपालको पहिचान लिएर विश्व शान्ति साइकल यात्रामा निस्किएका जेम्स कार्कीलाई संस्कृति संरक्षण तथा प्रवर्द्धन कोषवाट रु ५० हजार सहयोग उपलव्ध गराउने ।

९. वडा नं. १ स्थित बौरुडेश्वर मेलामा स्वास्थ्य शिविर संचालन र डेगूं रोकथाम तथा सचेतना कार्यक्रम एवं विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रममा भएको खर्च रु. १५५४७०/- भुक्तानी गर्ने ।

१०. प्रहरी प्रभाग टोखाको बा २ झ १६० नं. को स्कारपियो पिकअप भ्यान मर्मतको लागि माग भएकोमा उक्त कार्यको लागि रु ३ लाख ८० हजार सावारी मर्मत शिर्षकवाट उपलव्ध गराउने र सो को जानकारी प्रहरी प्रधान कार्यालयलाई एवं महानगरीय प्रहरी वृत्त महाराजगञ्जमा पठाउने ।

११.टोखा नगरपालिका कार्यालयको बा २ झ २८६२ नम्वरको पिकअप भ्यान मर्मत गराईएकोमा उक्त मर्मतको विल अनुसारको रकम रु २४८७८०.४२ भुक्तानी उपलव्ध गराउने ।

१२.यस कार्यालयको नाममा रहेको बा.२ ब ३५३८ नम्वरको ३ नं. वडाका वडा सचिव सानु श्रेष्ठले प्रयोग गरिरहेको मोटरसाईकल मर्मतको विल रु २३१७१/- पेश गरेकोले उक्त विल अनुसारको रकम भुक्तानी उपलव्ध गराउने ।

१३. २०७९ असोज १५ गते तदनुसार अक्टोवर १,२०२२ मा अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस भव्यताका साथ मनाउने ।

१५.वडा नं. ११ को महादेव आ.वि.सम्वन्धित वडावाट विद्यालय संचालनका लागि हाल जग्गा व्यवस्थापन गर्न नसकिने तथा पछि सार्वजनिक जग्गाको खोजि भएपश्चात सञ्चालन गर्ने गरी हाललाई सो विद्यालय अन्य सामुदायिक विद्यालयहरुमा गाभ्न अनुरोध गरेको सन्दर्भमा बालविकासका बालबालिकालाई पहिलेको गैरसरकारी संस्थाले चाहेमा अपनत्व लिई सञ्चालन गर्न अनुमति दिने र सो नभए सबै बालबालिकालाई नजिक रहेको मनोहर मा.वि. तथा वडा नं. ११ मा संचालित नेपाल मातृगृहमा पठनपाठनको व्यवस्था गर्ने र त्यहाँ कार्यरत कर्मचारीहरुलाई हाल सम्मको पारिश्रमिक तथा थप एक महिनाको चाडवाड खर्च उपलब्ध गराई बिदाई गर्ने ।

१६.शिक्षा शाखावाट तयार गरिएको शिक्षा नियमावली, २०७९ स्वीकृत गर्ने

१७.CEHRD बाट प्राप्त १ प्रा.वि.दरवन्दी जालुपा माध्यामिक विद्यालयलाई प्रदान गर्ने ।

१८. ११ नं. वडा अन्तर्गत वनदेवी सामुदायिक भवन निर्माणको लागि विनियोजित वजेट रकम मध्येवाट विस्तृत प्रस्ताव परियोजना निर्माण गर्ने ।

१९. २०७९ सालको नेपालीहरुको महान चाड विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत ११४३, छट लगायतका पर्वहरुको उपलक्ष्यमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने ।